# सोलुदुधकुण्ड नगरपालिका

ༀ༄།།སོལ་ཁུམ་བུ་མཚོ་མཚོའི་གྲོང་སྡེ་སྤྱི་ཁྱབ་ལྷན་ཁང་།

## नगर कार्यपालिकाको कार्यालय

सल्लेरी, सोलुखुम्बु

प.सं. २०७७/०७८
च.नं. ११८९

१ नं. प्रदेश नेपाल

### उद्यम विकास सहजकर्ता कार्यमा पदपूर्ति गर्ने सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०७७।०८।११)

यस सोलुदुधकुण्ड नगरपालिकामा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन गर्न कार्यसम्पादन नतिजामा आधारित हुने गरी उद्यम विकास सहजकर्ताको छनौट गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तोकिएको राजस्व रकम तिरेको रसिद वा यस कार्यालयको रा.वा.बैंक सल्लेरीमा रहेको खाता नं. २०२०१००३०१०१०००५ मा राजश्व जम्मा गरेको सक्कलै भौचर सहित यस कार्यालयमा कार्यालय समयभित्र दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । म्याद नाघी आएको र रित नपुगेको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपशिलः

| विज्ञापन नं. | पद | संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|
| २०७७/०७८-०१ (उ.वि.स.) | १.उद्यम विकास सहजकर्ता (सहायकस्तर पाचौं वा सो सरह) | १ (एक) | रु.५००।-(पाँच सय) |
| | २.उद्यम विकास सहजकर्ता (सहायकस्तर चौथो वा सो सरह) | १(एक) | रु.४००।-(चार सय) |

१.न्यूनतम योग्यताः

क) शैक्षिक योग्यता तर्फः

- सहायकस्तर पाचौं तहको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सि.टि.ई.भि.टी.) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा सीप परीक्षण तह तीन उत्तीर्ण गरेको ।
- सहायकस्तर चौथो तहको हकमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (सि.टि.ई.भि.टी.) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टी.एस.एल.सी.) उत्तीर्ण गरेको वा सीप परीक्षण तह दुई उत्तीर्ण गरेको ।

ख) अन्य योग्यताहरुः

- दरखास्त दिने अन्तिम मितिसम्म पुरुष उम्मेदवारको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको र महिला उम्मेदवारको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।
- भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
- नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

२. दरखास्त दिने अन्तिम मितिः२०७७ मङ्सिर १७ गते र सो दिन सार्वजनिक बिदा परेमा सो को भोलिपल्टसम्म ।

३. काम गर्नुपर्ने स्थानःसोलुदुधकुण्ड नगरपालिका ।

४. सम्पर्क मितिःदरखास्त दिने अन्तिम दिनको भोलिपल्ट ।

५. परीक्षाको किसिमः अन्तर्वार्ता ।

६. परीक्षा मितिःसम्पर्क मितिमा तोकिनेछ ।

७. सेवा शर्तहरु तथा तलव सुविधाः लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ अनुसार ।

८. दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपी,नेपाली नागरिकताको प्रतिलिपी, कार्य अनुभवको प्रमाणपत्र,व्यक्तिगत विवरण र अन्य आवश्यक कागजातहरु ।

दरखास्त फारम र सहजकर्ताको कार्य विवरण नगरपालिकाको वेभसाईट www.solududhkundamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

**(नोटःकार्यालयमा उपस्थित भई दरखास्त पेश गर्न असमर्थ उम्मेदवारहरुले माथि उल्लेखित कागजातहरु यस कार्यालयको ईमेलः solududhkundamun@gmail.com मा पेश गरी सो को सक्कल कागजातहरु प्रवेश-पत्र बुझ्न आउँदा अनिवार्यरुपमा लिई आउनुपर्नेछ ।)**

अन्य विषयमा बुझ्नको लागि यस कार्यालयको प्रशासन शाखा प्रमुख सुस्मा आचार्यको मोबाईल नम्वरः९८५२८२८०१३ मा सम्पर्क गर्न सकिनेछ ।

२०७७।०८।११

सुस्मा आचार्य
अधिकृत छैटौं तह

अनुसूची-१

(दफा ५ को उपदफा (५) र दफा ६८ को उपदफा (३) सँग सम्बन्धित)

## उद्यम विकास सहजकर्ताको कार्य विवरण

| | |
|---|---|
| पदः | उद्यम विकास सहजकर्ता |
| योग्यताः | दफा ६ को खण्ड (क)/(ख)/(ग)/दफा ६८ अनुसारको (खुलाउने) |
| कार्यस्थानः | स्थानीय तह /उद्योग विकाससँग सम्बन्धित शाखा वा उपशाखा |
| अवधिः | मिति ............... देखि ...................... सम्म |

**(१) उद्यम विकास सहजकर्ताका कार्य जिम्मेवारीहरुः-**

उद्यम विकास सहजकर्ताले गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम उद्योग विकास शाखा वा उपशाखाको मातहत देहाय बमोजिमको कार्य गर्नु पर्नेछः-

(क) नयाँ उद्यमीको सिर्जना तर्फः

- वडास्तरमा लघु उद्यम विकास (मेड) मोडेल सम्बन्धमा अभिमूखीकरण गर्ने,
- तोकिएको वडा/वस्तीमा सहभागितात्मक ग्रामीण लेखाजोखाको पद्धतिबाट स्थानीय स्रोत साधन, बजार र लक्षित वर्गको पहिचान तथा लघु उद्यम विकासका लागि घरधुरी लगायतका सर्वेक्षण गरी सङ्कलित सूचना तथा तथ्याङ्क विश्लेषणको आधारमा प्रतिवेदन तयार गरी पेश गर्ने,
- लघु उद्यमी समूह गठन गर्ने, नियमित बैठक बसाउने, व्यावसायिक शिक्षा दिने र नेतृत्व विकास सम्बन्धी क्रियाकलाप गर्ने,
- सम्भावित लघु उद्यमीलाई उद्यमशीलता विकास तालिम (TOPE. TOSE) र लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्बन्धी तालिम प्रदान गर्ने,
- सहभागीले छनौट गरेका उद्यम/व्यवसायको व्यावसायिक योजना तयार गर्नका लागि सहजीकरण गर्ने,
- व्यावसायिक योजनाको आधारमा उपयुक्त देखिएको व्यवसायको छनौटको आधारमा प्राविधिक सीप विकास तालिमको लागि सहजीकरण गर्ने,
- लघु उद्यमीको उद्यमको स्थापना तथा सुरुवातका लागि आवश्यक वित्तीय सेवामा पहुँच उपलब्ध गराउनको लागि वित्तीय संस्था तथा सहकारी संस्थासँग समन्वय तथा सहजीकरण गर्ने,

यादव प्रसाद कोइराला
सचिव४४

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

- उपयुक्त प्रविधि सम्बन्धी सूचना सङ्कलन गर्ने र त्यसको सम्बन्धन उद्यमीसँग गराउन पहल गर्ने, गराउने,
- उद्यमीको बजार योजना तयार गरी त्यसलाई कार्यान्वयन गर्ने,
- उद्यमीलाई नियमितरूपमा भेटघाट गरी व्यावसायिक परामर्श दिने,
- साझा सुविधा केन्द्र (उद्यम घर) को स्थापना तथा दिगो रूपमा सञ्चालनको लागि सहजीकरण गर्ने,
- लघु उद्यमीलाई प्रदान गरिएका सेवाको तथ्याङ्क अद्यावधिक गर्ने ।

(ख) उद्यमको स्तरोन्नति तर्फः

- सञ्चालनमा रही रहेका लघु उद्यमको व्यावसायिक क्षमता अभिवृद्धिका लागि आवश्यकता पहिचानको सम्बन्धमा SWOT Analysis गर्ने र त्यसको आधारमा तोकिएको बजेट तथा कार्यक्रमभित्र रही सहयोगको क्षेत्रको प्राथमिकीकरण गर्ने,
- उद्यमीको व्यवसाय व्यवस्थापन तथा व्यवसायको वृद्धिका लागि उद्यमशीलता विकास तालिम (TOEE. TOGE) सञ्चालन गर्ने,
- उद्यमीको व्यावसायिक क्षमता अभिवृद्धि गर्नका लागि देहायका विषयमा सहजीकरण गर्नेः-
  - लघु उद्यमीद्वारा उत्पादित वस्तुको बिक्री बढाउन,
  - उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि गर्न,
  - प्रविधिमा पहुँच तथा हस्तान्तरण गर्न,
  - सीप विकास तालिम प्रदान गर्न,
  - लघु उद्यमीको नाफामा वृद्धि गर्न,
  - वस्तु विकास तथा विविधिकरण गर्न,
  - गुणस्तर नियन्त्रण तथा गुणस्तरिय वस्तु वा सेवाको उत्पादन गर्न,
  - बजार सञ्जालको विकास तथा व्यावसायिक परामर्श प्रदान गर्न,
  - उद्यमीले आंशिक रूपमा सञ्चालन गरेको उद्यमलाई पूर्ण रोजगारीमा परिवर्तन गराउन ।
- लघु उद्यमीलाई निजले सञ्चालन गरेको उद्यमबाट आधारभूत आर्थिक आवश्यकता पूरा गर्न सक्षम हुने स्तरमा नाफा आर्जन गर्न सक्षम बनाउन सहयोग गर्ने,
- लघु उद्यमी समूहको परिचालन तथा क्षमता अभिवृद्धिका लागि सहयोग गर्ने,

यादव प्रसाद कोइराला
सचिव ४५

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

- लघु उद्यमीको व्यावसायिक कारोवार तथा प्रदान गरिएको सेवाको तथ्याङ्क अद्यावधिक गर्ने ।

(ग) अन्य

- कार्यक्रम सञ्चालन गर्दा आवश्यक पर्ने नीति निर्माणको लागि आवश्यकताको आधारमा स्थानीय तहलाई सहयोग गर्ने,
- स्थानीय तहको उद्योग विकास शाखा वा उद्योगसँग सम्बन्धित शाखासँग लघु उद्यमका लागि प्रत्यक्ष सम्पर्कमा रही तोकिएका कार्य गर्ने,
- यस कार्यक्रम तथा उद्यम विकास वा सीप विकास सम्बन्धी अन्य कार्यक्रम सञ्चालनको लागि परिचालित कर्मचारीको मेड मोडेलमा क्षमता अभिवृद्धि गर्न सहजीकरण गर्ने,
- स्थानीय तहमा सञ्चालन हुने बार्षिक योजना तर्जुमा प्रकृयामा लघु उद्यम विकास कार्यक्रमलाई मूलधारमा ल्याउनका लागि स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, लगायत अन्य साझेदार संघ संस्थालाई आफ्ना आफ्ना जिम्मेवारी तथा भूमिकाको बारेमा छलफल वा अनुशिक्षण पद्धती मार्फत सुसुचित गराउने,
- उद्यम विकास रणनीतिक योजना निर्माण तथा यसको कार्यान्वयनका लागि आवश्यकता अनुसार सहजीकरण गर्ने,
- स्थानीय तहले कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक सहजीकरण गर्ने,
- लघु उद्यम विकासका लागि सञ्चालन गरिएका सबै कार्यक्रम तथा बजेटको अनिवार्यरूपमा समुदायस्तरमा सार्वजनिक लेखा परीक्षण गरी प्रतिवेदन पेश गर्ने र स्थानीय तहले आयोजना गरेको सार्वजनिक सुनवाईमा सहभागी हुने,
- कार्यक्रमले तोकेको कार्य प्रगति प्रतिवेदन समयमा नै तयार गरी पेश गर्ने,
- उद्यमशीलता विकास सहजिकरण केन्द्र वा अन्य यस्तै प्रकृतिका संस्था/एकाईसंग सम्भावना भएका क्षेत्रमा साझेदारी वा सहकार्य हुने गरी समन्वयमा कार्यक्रम सञ्चालन गर्ने,
- उद्योग विकास शाखाले लघु उद्यमसँग सम्बन्धित तोकिएका कार्य गर्ने,
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ मा उद्यम विकास सहजकर्ताले गर्ने भनी तोकिएका अन्य कार्यहरू गर्ने।

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं

- लघु उद्यमीको व्यावसायिक कारोवार तथा प्रदान गरिएको सेवाको तथ्याङ्क अद्यावधिक गर्ने ।

(ग) अन्य

- कार्यक्रम सञ्चालन गर्दा आवश्यक पर्ने नीति निर्माणको लागि आवश्यकताको आधारमा स्थानीय तहलाई सहयोग गर्ने,
- स्थानीय तहको उद्योग विकास शाखा वा उद्योगसँग सम्बन्धित शाखासँग लघु उद्यमका लागि प्रत्यक्ष सम्पर्कमा रही तोकिएका कार्य गर्ने,
- यस कार्यक्रम तथा उद्यम विकास वा सीप विकास सम्बन्धी अन्य कार्यक्रम सञ्चालनको लागि परिचालित कर्मचारीको मेड मोडेलमा क्षमता अभिवृद्धि गर्न सहजीकरण गर्ने,
- स्थानीय तहमा सञ्चालन हुने बार्षिक योजना तर्जुमा प्रकृयामा लघु उद्यम विकास कार्यक्रमलाई मूलधारमा ल्याउनका लागि स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी, लगायत अन्य साझेदार संघ संस्थालाई आफ्ना आफ्ना जिम्मेवारी तथा भूमिकाको बारेमा छलफल वा अनुशिक्षण पद्धती मार्फत सुसुचित गराउने,
- उद्यम विकास रणनीतिक योजना निर्माण तथा यसको कार्यान्वयनका लागि आवश्यकता अनुसार सहजीकरण गर्ने,
- स्थानीय तहले कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट विनियोजन तथा कार्यक्रम तर्जुमा गर्न आवश्यक सहजीकरण गर्ने,
- लघु उद्यम विकासका लागि सञ्चालन गरिएका सबै कार्यक्रम तथा बजेटको अनिवार्यरूपमा समुदायस्तरमा सार्वजनिक लेखा परीक्षण गरी प्रतिवेदन पेश गर्ने र स्थानीय तहले आयोजना गरेको सार्वजनिक सुनवाईमा सहभागी हुने,
- कार्यक्रमले तोकेको कार्य प्रगति प्रतिवेदन समयमा नै तयार गरी पेश गर्ने,
- उद्यमशीलता विकास सहजिकरण केन्द्र वा अन्य यस्तै प्रकृतिका संस्था/एकाईसंग सम्भावना भएका क्षेत्रमा साझेदारी वा सहकार्य हुने गरी समन्वयमा कार्यक्रम सञ्चालन गर्ने,
- उद्योग विकास शाखाले लघु उद्यमसँग सम्बन्धित तोकिएका कार्य गर्ने,
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ मा उद्यम विकास सहजकर्ताले गर्ने भनी तोकिएका अन्य कार्यहरू गर्ने।

यादव प्रसाद कोइराला
सचिव

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं